# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : २ संख्या : ४ असोज ३१, २०७९

### भाग-३

### सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९-०६-३१ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

**मिति २०७९ आश्विन ३१ गतेको चौथो कार्यपालिका बैठकको प्रस्तावहरु**

१. यस भन्दा अगाडिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा

२. आ.व. ०७८/०७९ को अन्तिम लेखा परिक्षणको गाउँ सभाबाट सम्परीक्षण सम्बन्धमा

३. लुम्बिनी प्रदेश सरकारको नवप्रवर्तन साझेदारी कोष कार्यक्रम संचालनको लागि पूर्व सम्भाव्यता अध्ययन टोलि निर्माण सम्बन्धमा

४. बजेट संशोधन सम्बन्धमा (रकम फिर्ता संघीय सरकारको sutra ma)

५. हेफर प्रोजेक्ट नेपाललाई रु ४० लाख रकम पेश्की उपलब्ध गराउने सम्बन्धमा

६. प्रदेश सरकारमा योजना छनौट गरी पठाउने सम्बन्धमा

७. जग्गाको वर्गिकरण सम्बन्धमा

८. विविध

## मिति २०७९।०६।३१ गतेको चौथो कार्यपालिकाको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णय |
|---|---|
| १. | यस भन्दा अगाडिका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | आ.व. ०७८/०७९ को अन्तिम लेखा परिक्षणबाट औल्याईएका बेरुजुका विभिन्न दफाहरुको प्रतिकृया सहित सम्परीक्षणको लागि मिति २०७९।०७।०१ गते हुने गाउँ सभामा पेश गर्ने । |
| ३. | लुम्बिनी प्रदेश सरकारको नवप्रवर्तन साझेदारी कोष कार्यक्रम संचालनको लागि पूर्व सम्भाव्यता अध्ययन टोलि देहाय बमोजिम गठन गरी उक्त टोलिले १५ दिन भित्र प्रतिवेदन पेश गर्ने र कार्यक्रम संचालनको लागि प्रदेश सरकारमा प्रतिवेदन पठाउने ।<br>संयोजक श्री विष्णुप्रसाद गौतम सुशासन तथा संस्थागत विकास समिति संयोजक<br>सदस्य पूर्वाधार विकास समिति संयोजक शालिकराम टण्डन<br>सदस्य सामाजिक विकास समिति संयोजक मुकेश थापा<br>का.पा. सदस्य ईश्वरी परियार<br>का.पा. सदस्य कुमारी पुवारे दनुवार<br>सदस्य सचिव प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख टंकप्रसाद पन्थी |
| ४. | SuTRA मा Entry भएको बजेटमा संघीय सरकारमा फिर्ता गर्नुपर्ने रकमको शिर्षक छुट हुन गएकोले शिर्षक थप गरी फिर्ता गर्नुपर्ने रकम रु १४ लाख ३१ हजार २ सय System मा Entry गर्ने । |
| ५. | गुल्मीदरबार गाउँपालिकामा संचालन भएको कृषि तथा पशु उद्यमशिलता परियोजना संचालनको लागि हेफर प्रजेक्ट नेपालले कार्यक्रम संचालनको लागि पेश्की रकम माग गरेको हुँदा हेफर प्रोजेक्ट नेपालसँग सम्झौता अनुसार कार्यक्रम संचालनको लागि आ.व. ०७९/०८० को लागि रु ४० लाख पेश्की रकम उपलब्ध गराउने । |
| ६. | लुम्बिनी प्रदेश सरकार प्रदेश पूर्वाधार विकास प्राधिकरणमा यस गाउँपालिकाका ३ वटा महत्वपूर्ण योजनाहरु देहाय बमोजिम छनौट गरी पठाउने ।<br>१) **भुवाने पार्क पर्यटन पूर्वाधार** : गुल्मीदरबार र रेसुङ्गा नगरपालिकाको सिमानामा रहेको पर्यटकीय स्थलमा विभिन्न मनोरन्जन तथा साहशिक खेलहरुको प्रवर्द्धन गर्न सकिने र स्थानीय रोजगारी सृजना गर्न सकिने हुँदा करिब १ करोड रकम माग गर्ने ।<br>२) **सित भण्डार स्थापना** : यस गाउँपालिकामा उत्पादन हुने विभिन्न कृषि उपजहरुलाई सित भण्डार गरी उचित मूल्यमा विक्री वितरण गर्दै बजारीकरणको व्यवस्था मिलाउन आवश्यक देखिएको हुँदा करिब ३० लाख रुपैंया माग गर्ने ।<br>३) **सडक पूर्वाधार** : गुल्मीदरबार गाउँपालिकाको वडा नं. ६ मा रहेको बाटोको स्तरोन्तरी गर्दै कालोपत्रे गरी स्थानीय बजार व्यवस्थापन, नागरिकको सहज सडक पहुँच पुर्याउनको लागि मुख्य सडक जोड्ने महत्पूर्ण सडक भएकोले कालोपत्रे गर्न करिब ७ करोड रकम माग गर्ने । |
| ७. | स्थानीय भूउपयोग परिषद्ले वर्गीकरणका लागि निर्धारित आधार र मपदण्ड अनुरुप प्रत्येक वडाको सीमा भित्रका जग्गाको चारकिल्ला तोकी भूउपयोग वर्गीकरण क्षेत्रको प्रकरण र डिजिटल नक्सा |

| निर्णय नं. | निर्णय |
|---|---|
| | रेखांकन गरि अध्यावधिक गर्न प्राविधिकि जनशक्ति र डिजिटल नक्सा आवश्यक पर्ने भएकोले नापि विभागमा प्राविधिक सहयोगको लागि अनुरोध गर्ने । |
| ८. | विभिन्न निकायहरुबाट प्राप्त परिपत्र तथा निर्देशनहरु बैठकमा प्रस्तुत भई छलफल भयो । सोही अनुसार कार्यान्वयन गर्ने गराउने । |